आज मिति २०७५ साल मंसिर ७ गतेका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णयहरु देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकण्ठ न्यौपाने | उपस्थित |
| उप प्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं ७ | श्री सतिशचन्द्र न्यौपाने | अनुपस्थित |
| वडाध्यक्ष वडा नं ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं १२ | श्री तोत्रबहादुर कुवर | उपस्थित |
| वडाध्यक्ष वडा नं १३ | श्री लेखबहादुर राना | अनुपस्थित |
| वडाध्यक्ष वडा नं १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |

**कार्यकारिणी सदस्यहरु**

| | | |
|---|---|---|
| | श्री तमबहादुर दरै | उपस्थित |
| | श्री कल्पना पोखेल | उपस्थित |
| | श्री अमृतबहादुर नेपाली | अनुपस्थित |
| | श्री चन्द्रमाया परियार | उपस्थित |
| | श्री मधुमाया घर्ती | उपस्थित |
| | श्री सुनसरी गुरुङ्ग | उपस्थित |
| | श्री नरीमाया राना | उपस्थित |
| सदस्य सचिव | श्री हरिप्रसाद वांस्तोला | अनुपस्थित |
| का.वा. अध्यक्ष व्यास १३ | श्री एकराज तिवारी | उपस्थित |
| उप सचिव | श्री अम्बिकाप्रसाद आचार्य | उपस्थित |
| वरिष्ठ आ.ले.प अधिकृत | श्री कुमारकन्चन जि.सी. | उपस्थित |
| वरिष्ठ इन्जिनियर | श्री राजु पौडेल | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |
| लेखा अधिकृत | श्री दण्डपाणी पौडेल | उपस्थित |
| कम्प्यूटर अधिकृत | श्री गोकर्णराज वाग्ले | उपस्थित |

**निर्णय नं.१:** यस नगरपालिकाको गाउँनगर साझेदारी कार्यक्रम अन्तर्गत सम्पूर्ण वडाहरुमा गठन भएका टोल विकास संस्थाहरुले मासिक रुपमा बचत संकलन गरी लगानी असुलीका क्रियाकलापहरु संचालन भइरहेको परिप्रेक्ष्यमा त्यस्ता प्रकृतिका छरिएर रहेका साना साना पुंजीहरुलाई एकत्रित गरि स्थानीय स्तरमा व्यवसायीक रुपमा क्रियाशील रहेका उद्योगी व्यवसायीहरुलाई प्रवर्द्धन गर्दै रोजगारीहरु सिर्जना गर्नुका साथै नगरलाई स्थानीय उत्पादनमा आत्मनिर्भर गराउने उद्देश्यले नगरपालिकाको समेत शेयर लगानी रहने गरि व्यास नगर टोल विकास बचत तथा ऋण सहकारी संस्था स्थापना गर्न आवश्यक सम्पूर्ण मापदण्डहरु समेत तयार गरी विनियम लगायत प्रचलित नियमानुसारका सम्पूर्ण कागजी प्रक्रियाहरु सहितको प्रस्ताव पेश गर्न ब.आ.ले.प.अधिकृत श्री कुमार कन्चन जि.सी.को संयोजकत्वमा निम्नानुसारको तयारी समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| १. बरिष्ठ आ.ले.प अधिकृत | श्री कुमारकन्चन जि.सी | संयोजक |
| २. कम्प्यूटर अधिकृत | श्री गोकर्णराज वाग्ले | सदस्य |
| ३. ब.के.उ | श्री राजुहरी पण्डित | सदस्य |
| ४. शाखा अधिकृत | श्री विमल गिरी | सदस्य |
| ५. शाखा अधिकृत | श्री मोहन सिंह खड्का | सदस्य सचिव |

**निर्णय नं.२:** एकिकृत जग्गा विकास कार्यक्रम सम्बन्धमा अध्ययन तथा अवलोकन गर्ने उद्देश्यले मिति २०७५/०७/२७ गते भक्तपुर नगरपालिकामा गरिएको अवलोकन भ्रमणको प्रतिवेदन उपर छलफल गरियो । भ्रमण प्रतिवेदनमा समावेश गरिएका यस नगरपालिकाका सम्भाव्य क्षेत्रहरु मध्ये प्रथम चरणमा नमूना आयोजनाको रुपमा यस नगरपालिकाको वडा नं ११ अन्तर्गत रानीगाउँ, पोल्याङ्ग तथा शेरा क्षेत्रमा एकिकृत जग्गा विकास कार्यक्रम संचालन गर्ने गरी आवश्यक जनशक्ति सहित अन्य आवश्यकीय कार्यहरु व्यवस्थाका लागि गृहकार्य गरि प्रस्ताव पेश गर्न भूमि व्यवस्थापन तथा भवन नियमन समितिलाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं.३:** यस नगरपालिकाबाट स्वीकृत भई निर्माण गरिने विभिन्न व्यक्ति, संघ संस्था तथा कार्यालयका घर तथा भवनहरुको सुपरभिजन गर्ने कार्यलाई के कसरी अझ प्रभावकारी तथा सहज शुलभ र चुस्त गराउन सकिन्छ सम्बन्धित पक्षहरुसँग आवश्यक परामर्श, छलफल तथा समन्वय गरी अविलम्ब प्रतिवेदन पेश गर्न भूमि व्यवस्थापन तथा भवन नियमन समितिलाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं.४:** यस नगरपालिका स्थित श्री महर्षि वेदव्यास संस्कृत मा.वि. व्यास ३ मा हालसम्म साधारण धारको संस्कृत (कक्षा ४ देखि १२ सम्म) पठन पाठन हुँदै आएकोमा हाल उक्त विद्यालयमा गुरुकुल धार (वेद विद्याश्रम) समेतको पठन पाठनको लागि अनुमति पाउँ भनी उक्त विद्यालयको वि.व्या.स.को निर्णय सहित अनुमति माग भै आएकोले माग बमोजिम साधारण संस्कृत धारको अतिरिक्त गुरुकुल (वेद विद्याश्रम) धार तर्फको समेतको कक्षा यसै शैक्षिक सत्र देखि लागू हुने गरी संचालन गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.५:** यस नगरपालिका स्थित श्री सिद्धेश्वरी मा.वि. व्यास १२ कमलवारीमा रिक्त रहन गएको माध्यमिक राहत दरबन्दी (अनुदान कोटा) मा सरुवा हुन पाउँ भनी हाल कार्यरत विद्यालय र सरुवा भै जान चाहेको विद्यालयको व्यवस्थापन समितिको सहमति सहित श्री क्यामिनकोट मा.वि. व्यास ७ मा मा.वि. राहतमा कार्यरत शिक्षक श्री भगवान थापाले निवेदन दिएकोले निजलाई श्री सिद्धेश्वरी मा.वि. व्यास १२ को मा.वि. राहत दरबन्दीमा सरुवा गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:** यस नगरपालिका स्थित श्री क्यामिन मा.वि. कलेस्तीमा माध्यमिक तहका शिक्षकहरु हुँदा हुँदै नि.मा. तहको शिक्षकलाई प्र.अ. नियुक्तिको लागि सिफारिस भै आएकोमा सो नियम विपरित भएको भनी निवेदन पर्न आएको र सोको लागि नगर शिक्षा समितिबाट उपप्रमुख श्री मिरा जोशीको संयोजकत्वमा ३ सदस्यीय छानबिन समिति गठन भई छानबिनको प्रतिवेदन प्राप्त हुँदा उक्त प्र.अ. नियुक्तिको सिफारिस व्यास नगरपालिका शिक्षा नियमावली २०७४ बमोजिम सिफारिस भै नआएकोले उक्त सिफारिस विद्यालयमा फिर्ता गर्ने सिफारिस प्राप्त भएकोले विद्यालयबाट यस अघि गरिएको सिफारिसलाई रद्द गर्ने साथै त्यस विद्यालयमा कार्यरत माध्यमिक तहका शिक्षक श्री सूर्यमणी पौडेललाई मिति २०७५/८/९ देखि लागू हुने गरी नि.प्र.अ. को जिम्मेवारी तोक्ने र ७ (सात) दिनभित्र सर्वसम्मत रुपमा नयाँ प्र.अ. नियुक्तिको प्रकृया पुरा गरी पुन: सिफारिस गर्न सम्बन्धित वि.व्या.स.लाई निर्देशन दिने निर्णय गरिन्छ ।

**निर्णय नं.७:** अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण सम्बन्धी कार्यविधि २०७५ को मस्यौदा उपर वृहत्तर रुपमा छलफल गरी पारित गरियो । साथै सो कार्यविधिले व्यवस्था गरे बमोजिमको समितिमा न.पा.का महिला सदस्यहरु मध्ये श्री नरीमाया थापालाई सदस्य मनोनयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.८:** सूचनाहरुको विकास सँगै सरकारी कार्यालयहरुको कार्य संचालनमा भइरहेका विद्युतीय सेवामा आधारित नयाँ नयाँ प्रयोग र अभ्यासहरुको अधिकतम उपयोग गरी यस नगरपालिकाको दैनिक सेवा प्रवाहको गति र गुणस्तरलाई थप प्रभावकारी एवं सहज र सुलभ गराउदै लैजानु पर्ने आवश्यकता रहेको हुनाले हाम्रो मौजुदा जनशक्तिको शिप, क्षमता एवं कार्य तत्परता तथा स्रोत र साधनको उपलब्धताको अवस्थाका सम्बन्धमा यथार्थ वस्तुस्थिति बुझी भावी रणनीति तय गर्नको लागि अविलम्ब वडा समिति कार्यालय एवं नगर केन्द्र कार्यालयको अनुगमन एवं निरीक्षण प्रकृयालाई प्रभावकारी बनाउने र आवश्यकता अनुसार जनशक्तिको हेरफेर एवं व्यवस्थापन र स्रोत र साधनको उपलब्धतामा जोड दिने निर्णय गरियो ।

**निर्णय नं.९:** व्यास नगरपालिका वडा नं १ विज्ञानचौर स्थित यस क्षेत्रकै एक मात्र सामुदायिक महाविद्यालय श्री आदिकवि भानुभक्त बहुमुखी क्याम्पसले यसै शैक्षिक सत्रबाट व्यवस्थापन संकाय अन्तर्गत Bachler of Business Administration (B.B.A) को पठन पाठन गराउने तयारी गरेको र सोको लागि आवशयक न्यूनतम पूर्वाधारको पर्याप्तता हुन नसक्दा पठन पाठन सहज हुन नसकेको हुँदा आवश्यक भौतिक पूर्वाधार निर्माणको लागि रु.२५,००,०००। (अक्षेरुपी पच्चीस लाख रुपैयाँ मात्र) अनुदान दिने निर्णय गरियो ।

**निर्णय नं.१०:** विगत वर्षहरुदेखि नै निर्माणधीन अवस्थामा रहेको सिन्धु मार्गको व्यास नगरपालिका खण्डको निर्माण कार्य लामो समयदेखि अवरुद्ध हुँदा आवागमनमा बाधा पुग्न गएको साथै पर्यावरणमा समेत प्रतिकुल असर पर्न गएको भनी स्थानीय उपभोक्ता तथा अन्य सरोकारवालाहरुको जनगुनासो प्राप्त हुन आइरहेको हुनाले अविलम्ब निर्माण कार्य सम्पन्न गर्न गराउन सम्वद्ध पक्षहरुको ध्यानाकर्षण गराउने निर्णय गरियो ।

**निर्णय नं.११:** यस नगरपालिका वडा नं.७ स्थित रहेको श्री क्यामिनकोट मा.वि. राहत शिक्षक भगवान थापालाई श्री सिद्धेश्वरी मा.वि. व्यास १२ मा सरुवा गरी रिक्त हुन आएको उक्त मा.वि. राहत दरबन्दीमा कालीगंगा मा.वि. देवघाट गाउँपालिका २ मा कार्यरत मा.वि. राहत शिक्षक श्री प्रल्हाद खतिवडाले सरुवा हुन पाउँ भनी विद्यालयको सहमति सहित निवेदन दिएकोले सरुवा गरी शिक्षा विकास समन्वय ईकाइ तनहुँलाई जानकारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२:** व्यास नगरपालिका वडा नं.५ पाटन स्थित व्याडमिन्टन कोर्ट निर्माण एवं रिटेनिङ्गवाल समेतका लागि ल.ई. अनुसार १,९३,२१६।१७ (अक्षेरुपी एक लाख त्रियानब्वे हजार दुई सय सोह्रो रुपैयाँ सत्र पैसा) मध्ये ३०% लागत सहभागीता हुने गरी ७०% अनुदान दिने निर्णय गरिन्छ ।

**निर्णय नं.१३:** व्यास नगरपालिका वडा नं.३ अनशन चौतारी नजिक रहेको सार्वजनिक शौचालयमा रेखदेखको लागि कोठा निर्माण र टंकी खरिद गर्ने कार्यको लागि प्राविधिक ल.ई. बमोजिमको रकम रु.३,६९,५६६। (अक्षेरुपी तिन लाख उनान्सत्तरी हजार पाँच सय छैसठ्ठी रुपैयाँ) मात्र स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४:** व्यास नगरपालिका वडा नं.१० अर्न्तगत अंधेरी भञ्ज्याङ चौतारादेखि टक्सारे पाखा मोटर मार्ग, कुमालगाउँ मोटर मार्ग, धैरेनी मार्ग डाडाँ गाउँ दमैगाउँ मार्ग मर्मत तथा स्तरोन्नतिको लागि प्राविधिक ल.ई. बमोजिमको रकम रु.३,६०,०००। (अक्षेरपी तिन लाख साठी हजार रुपैयाँ मात्र) स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५:** व्यास नगरपालिका वडा नं.४ अर्न्तगत भोर्लेटार चोकमा स्ल्याव सहितको पक्की नाला निर्माणको लागि प्राविधिक लागत अनुमान बमोजिमको रकम रु.७,६७,३२०। (अक्षेरुपी सात लाख सड्सठ्ठी हजार तिन सय बिस रुपैया) मात्र स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.१६:** व्यास नगरपालिका वडा नं.३ स्थित भतेरीमा फोहरमैला प्रशोधनको लागि गोदाम घर निर्माण कार्यको लागि प्राविधिक लागत अनुमान बमोजिमको रकम रु.४,३५,५८७। (अक्षेरुपी चार लाख पैतिस हजार पाँच सय सतासी रुपैया) मात्र स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.१७:** यस व्यास न.पा. कार्यालयको नवनिर्मित बहुउद्देश्यीय भवनमा CC TV Camera जडान गर्ने कार्यको लागि ई. नेपाल ट्रेडर्स काठमाण्डौको रु.४,९८,२१७। (अक्षेरुपी चार लाख अन्ठानब्वे हजार दुई सय सत्र रुपैया मात्र) को कोटेशन स्वीकृत गरी CC TV Camera जडान गर्ने कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.१८:** यस व्यास न.पा. कार्यालयको नवनिर्मित बहुउद्देश्यीय भवनमा (टेलीफोन, इन्टरनेट) लगायत अन्य कार्यको नेटवर्ककिङ गर्ने कार्यको लागि श्री स्पार्क ट्रोनिक्स प्रा.लि. व्यास १ को रु.४,९७,६००। (चार लाख सन्तानब्वे हजार छ सय रुपैया मात्र) को कोटेशन स्वीकृत गरी कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.१९:** व्यास नगरपालिका वडा नं.२ र ४ मा सडक बत्ति जडान गर्ने कार्यका लागि श्री थर्मोटेक प्रा.लि. पोखराबाट २५ एम.एम.को २ (दुई) रोल ए.बि.सी. तार खरिद गरिएका रु.३,८२,३९२। (अक्षेरुपी तिन लाख बयासी हजार तिन सय बयानब्वे रुपैया मात्र) उक्त थर्मोटेक प्रा.लि. लाई भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.२०:** जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र तनहुँ र व्यास नगरपालिका अन्तर्गत रहेका तीन वटा आयुर्वेद औषधालयहरुका लागि शःशर्त अनुदान तर्फ आ.व.२०७५/०७६ का लागि विभिन्न आयुर्वेद औषधिहरु खरिद गर्नुपर्ने भएकोले स्थानीय तहवाट संचालन गरिने कार्यक्रमको कार्य संचालन मार्ग दर्शन २०७५/०७६ अनुसार विभिन्न शिर्षकको लागि अख्तियारी प्राप्त भई आएको कुल रकम रु.१८,२४,७९०। (अक्षेरुपी अठार लाख चौबिस हजार सात सय नब्वे रुपैया मात्र) को औषधि खरिद तथा अन्य स्वास्थ्य सामाग्रीहरु खरिद गर्ने कार्यका लागि नियमानुसार सूचना प्रकाशित गरि खरिद प्रकृयालाई अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.२१:** व्यास नगरपालिकामा वडा नं ७ मा अस्थायी प्रहरी चौकी (प्रहरी बिट) स्थापनाको लागि व्यास नगरपालिका वडा नं.७ निवासी शैलेन्द्र घिमिरेको नाउँमा रहेको कलेस्ती स्थित चारकोठे घर, विद्युत महशुल, खानेपानी महशुल तथा अन्य सम्पूर्ण करहरु समेत घर धनीले नै तिर्ने गरी मासिक एकमुष्ठ रु.११,०००। (अक्षेरुपी एघार हजार रुपैया मात्र) भुक्तानी दिने गरी घर भाडामा लिने निर्णय गरियो ।

**निर्णय नं.२२:** एक गाँउ विकास समिति एक कृषि प्राविधिक व्यवस्थापन सम्बन्धी कार्यक्रम अनुसार यस व्यास नगरपालिकाको कृषि शाखामा करार सेवामा कार्यरत ना.प्रा.स श्री दुर्जबहादुर शाही मिति २०७५/६/२५ गते देखि हालसम्म बिना सूचना कार्यालयमा गयल हुन गएको हुनाले निजसँगको करार सेवा सम्झौता भंग गर्ने निर्णय गरियो। साथै रिक्त हुन गएको उल्लेखित पदमा व्यास नगरपालिका वडा नं.९ बस्ने मोहन वि.क.ले नियुक्ति पाउँ भनी मिति २०७५/८/६ गते निवेदन दिइएको हुनाले हाललाई २०७५ साल पौष मसान्तसम्मका लागि निज मोहन वि.क.लाई करार सेवामा सम्झौता गरि कामकाज लगाउने निर्णय गरियो।